# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : १ कागबेनी, मुस्ताङ, संख्या :४ मिति : २०७७ साल चैत्र १९**

## भाग–१

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका शिक्षा ऐन २०७७

## प्रस्तावना

गाउँ सभाबाट पारित मितिः २०७७/१२/१६

प्रमाणिकरण मितिः२०७७/१२/१७

प्रत्येक नागरिकमा सहिष्णुता,सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी सङ्घीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित दक्ष, योग्य, प्रतिस्पर्धी र सीपयुक्त जनशक्ति उत्पादन गर्न यस गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरु तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधान २०७२ को धारा २२६ अनुसूची ८ को सूची नं.८ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा(१) तथा परिच्छेद-३, दफा ११ को उपदफा २ (ज) बमोजिमको अधिकारभित्र रही वारागुङ मुक्तिक्षेत्र गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस ऐनको नाम वारागुङ मुक्तिक्षेत्र गाउँपालिका शिक्षा ऐन २०७७ रहेको छ ।

(ख) यो ऐन वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) ‘आधारभूत विद्यालय” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ग) “आधारभूत शिक्षा परीक्षा” भन्नाले आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(घ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) “माध्यमिक विद्यालय” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(च) “गाउँपालिका” भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकालाई सम्झनुपर्छ ।

(छ) “मन्त्रालय” भन्नाले सङ्घीय सरकारको स्थानिय तहको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ज) “गाउँसभा” भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) “विशेष शिक्षा” भन्नाले दृष्टिबिहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारिरीक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखि दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ठ) “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान सीप तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनुपर्छ ।

(ड) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ढ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएको नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(त) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(थ) “अनुमति” भन्नाले गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(द) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ध) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनुपर्छ ।

(न) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(प)“प्रारम्भिक बालशिक्षा” भन्नाले पाँच वर्ष मुनिका बालबालिकाहरुलाई दिइने शिक्षा सम्झनुपर्छ ।

(फ)“तोकिएको अधिकारी” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ब) “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा हेर्ने शाखा प्रमुख वा प्रमुखको काम काज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(भ)”न्यायिक समिति” भन्नाले संविधानको धारा २१७ बमोजिम स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको समितिलाई सम्झनुपर्छ ।

(म) ”समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनुपर्छः

(१) दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण, अति अशक्त, शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनुपर्छ ।

(२) सामाजिक, आर्थिक, भौगोलिक कारणबाट पछाडी परेका वा पारिएका व्यक्तिहरुलाई विभेदरहित वातावरणमा दिइने शिक्षा सम्झनुपर्छ ।

(य) "दुर शिक्षा" भन्नाले औपचारिक शिक्षा भन्दा दुर वा टाढा रहेर शिक्षा प्राप्त गर्ने माध्यमलाई सम्झनुपर्छ ।

(र) "निरन्तर शिक्षा" भन्नाले निरक्षरलाई साक्षर र साक्षरलाई सक्षम बनाउन दिइने शिक्षा सम्झनुपर्छ ।

(ल) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेशको सरकारलाई सम्झनुपर्छ ।

(व) "शिक्षक" भन्नाले विद्यालयको महिला तथा पुरुष अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ ।

(स) "स्थानीय भाषा" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र प्रयोग गरिने मातृभाषा तथा लिपि सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयमा अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ कार्यपालिकाको निर्णयका आधारमा तोकिएको अधिकारीले अनुमाति दिन सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा सो निवेदनउपर जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्न वडा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयबाट पुनः अनुमति तथा स्वीकृति दिन सकिनेछ ।

(५) उपदफा (२),(३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले सामुदायिक विद्यालयको नाममा दानदातव्य दिएको भवनमा वा जग्गामा सञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठीत संस्थाको हुनुपर्ने,

(ख) शैक्षिक गुठी संचालन गर्दा ट्रष्ट्रीमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तिन जना सद्स्य हुनुपर्नेछ ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्ट्रीले आफ्नो जीवनकालमै वा शेषपछी गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखि विद्यालय सञ्चालन गर्न चाहेमा वडा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयबाट तोकिएको सर्त पालना गर्ने गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सकिनेछ ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४. **परीक्षाको सञ्चालनः** विभिन्न तहको शिक्षा उत्तिर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. **माध्यमिक शिक्षाको प्रकारः** माध्मिक शिक्षा देहाय प्रकारका हुनेछनः

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत/ बौध्द माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

६. **विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला विद्यालय शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला विद्यालय शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अङ्ग्रेजी भाषा वा स्थानीय भाषा वा तीनवटै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको बिषय अध्ययन गर्न सक्नेछ ।

(ख) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोहि भाषा हुन सक्नेछ ।

(ग) अनिवार्य अङ्ग्रेजी बिषय अध्ययन गराउँदा माध्यम अङ्ग्रेजी भाषामा नै गराउनुपर्नेछ ।

८. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोकेको न्युनतम मापदण्ड नघट्ने गरी सिकाई उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ विद्यालय विद्यालयले नेपाल सरकार वा गाउँपालिकाले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ सो प्रयोजनको लागि गाउँपालिकाले आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

९. **शिक्षा समितिको गठनः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमका सदस्यहरु रहेको शिक्षा समिति रहनेछः

(क) गाउँपालिकाको अध्यक्ष संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष सदस्य

(ग) गाउँपालिकाको शिक्षा हेर्ने विषय समितिको संयोजक सदस्य

(घ) गाउँकार्यपालिकाले तोकेको गाउँ सभाका सदस्यहरु मध्यबाट एकजना दलित सहित दुई जना सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्यबाट शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(च) संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्यबाट शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(छ) शिक्षा विद र शिक्षा प्रेमीहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुईजना सदस्य

(ज) शिक्षण पेसामा उच्च योगदान गरेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना सदस्य

(झ) गाउँपालिकाको शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि सदस्य

(ञ) गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ट) गाउँपालिकाको शिक्षा अधिकृत सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन।

(४) सङ्घीय सभाको सदस्य, प्रदेश सभाको सदस्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य योगदान पुर्याएका व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा निमन्त्रणा गर्न सकिनेछ।

(५) शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्रको शैक्षिक योजना तयार पार्ने

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनको लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने गाभ्ने सम्बन्धी आवश्यक राय प्रदान गर्ने

(ग) विद्यालयकलाई आर्थिक अनुदान सम्बन्धि आवश्यक श्रोतको खोजी गर्ने

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने

(ङ) विद्यालयको लेखापरीक्षकको पारिश्रमिक तोक्ने

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा,सुविधा र सर्तहरु स्वीकृतको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,जागरुक र सजक बनाउन सहयोग गर्ने

(ज) शिक्षाको गुणस्तर कायम राख्न सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने

(झ) विद्यालयको सामाजिक परीक्षणको अनुगमन गर्ने

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापनमा सहयोग गर्ने

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने

(ड) शैक्षिक संस्था र शिक्षासंग आवद्धशिक्षक तथा कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्ने

(ढ) करारमा शिक्षक नियुक्ति प्रयोजनका लागि विशेषज्ञहरुको छनौट गरी सूची प्रकाशन गर्ने

(ण) अन्य तोकिएको बमोजिमका कार्यहरु गर्ने

(त) शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(६) स्थानीय शिक्षा अधिकृत सम्बन्धि व्यवस्थाः

(क) गाउँपालिकामा शिक्षा शाखा प्रमुखको रुपमा शिक्षा अधिकृत रहनेछ र शिक्षा अधिकृत गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहनेछ।

(ख) शिक्षा अधिकृतको जिम्मेवारी तोकिए बमोजिम हुनेछ।

**१०. वडा शिक्षा समितिः**

पालिकाभित्रका प्रत्येक वडामा वडा शिक्षा समितिको गठन तोकिए बमोजिम हुनेछ।

११. **घुम्ति विद्यालय सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले आवश्यकता अनुसार तोकिए बमोजिमको घुम्ती विद्यालयहरु सञ्चालन गर्न सक्नेछ।

१२. **हिउँदे घुम्ति पढाई कार्यक्रम सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले आवश्यकता अनुसार विद्यालय र सम्बन्धित वडाको मागका आधारमा जाडो विदाको समयमा हिउँदे घुम्ति पढाई कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१३. **सामुदायिक सिकाइकेन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१४. **स्थायी अध्यापन अनुमति पत्र लिनुपर्नेः** विद्यालयले आफ्नो स्रोतबाट करारमा शिक्षक नियुक्ति गर्दा शिक्षक नियुक्ति गर्दा शिक्षक सेवा आयोग ऐनबाट तोकिए बमोजिम स्थायी अध्यापन अनुमति पत्र भएको उम्मेदवार मात्र शिक्षक पदमा उम्मेदवारको लागि योग्य हुनेछ तर प्राविधिक( विज्ञान, कम्युटर, सिभिल ईन्जिनीयरिङ) विषयको शिक्षक नियुक्ति गर्दा त्यस्तो नियम लागू हुने छैन र नेपाल सरकारबाट अध्यापन अनुमति प्राप्त उम्मेदवारलाई यो दफा लागू हुने छैन ।

१५. **अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकममा कटौति नहुने गरी तोकिएको मापदण्डका आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न बाधा पर्ने छैन ।

१६. **छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने तथा उच्च शिक्षा लिने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१७. **प्रारम्भिक वाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः** गाउँपालिकाले प्रारम्भिक बाल बिकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

१८. **प्रारम्भिक बाल शिक्षा सम्बन्धि व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१९. **विद्यालय व्यस्थापन समितिको गठनः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफुहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना- सदस्य

(ख) विद्यालय रहेको वडाको अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य- सदस्य

(ग) विद्यालयको संस्थापक,स्थानिय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्ष सहयोग गर्ने वा बिद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना-सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएका एकजना – सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक- सदस्य-सचिव

(२) प्राविधिक र व्यवसायिक बिषयमा अध्ययन वा ताकिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्ला स्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहने छन

(३) व्यवस्थापन समितिको अध्यक्ष छनौट सहमति अनुसार हुनेछ ।

(४) उपदफा ३ बमोजिम अध्यक्ष छनौट नसकेको खण्डमा (क) (ख) र (ग) बमोजिमका बहुमत सदस्यहरु मध्येबाट छानेको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष हुन सक्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठक सञ्चालन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई अध्यापक तथा गाउँपालिकाबाट स्वीकृत कर्मचारीको व्यवस्थापन गर्ने,

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्र संग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,

(ठ) तोकिए बमोजिम दरबन्दीका विभागीय कारवाही गर्ने,

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षक लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(६) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(८) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

२०. **संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समिति गठनः (१)** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

**(क)** विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयले सिफारिस गरेको व्यक्ति वा व्यक्तिहरु मध्येबाट गाउँपालिकाको अध्यक्षबाट मनोनित व्यक्ति- अध्यक्ष

**(ख)** अभिभावकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

**(ग)** स्थानिय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येवाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना- सदस्य

**(घ)** सम्बन्धित वडाको अध्यक्ष वा निजले खटाएको वडा समितिको सदस्य- सदस्य

**(ङ)** शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी- सदस्य

**(च)** सम्बन्धित विद्यालयको शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको शिक्षक एकजना- सदस्य

**(छ)** विद्यालयको प्रधानाध्यापक- सदस्य-सचिव

२. उपदफा १ को (क) (ख) (ग) र (च) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बञ्चित गरिने छैन ।

२१. **विद्यालय व्यवस्थापन समितिको विघटन तोकिए बमोजिम हुनेछ।**

२२. **विद्यालय कोषः**

**(१)** प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम दाखिला हुनेछनः-

**(क)** नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

**(ख)** शुल्क तथा सहयोगबाट प्राप्त रकम,

**(ग)** चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

**(घ)** अन्य श्रोतबाट प्राप्त रकम

**(२)** उपदफा (१) बमोजिमको कोष सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

२३. **गाउँपालिकाले निर्देशन दिन सक्नेः**

**(१)** गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

**(२)** उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२४. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न, बन्द गर्न वा समायोजन गर्न सक्नेः**

(१) गाउँपालिकाले हाल सञ्चालन भईरहेका ३० मिनेटको हिडाईको दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा गाभ्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम सारिएको वा गाभिएको विद्यालयलाई आवश्यकताको आधारमा तोकिएको प्रक्रियानुसार नामाकरण गर्न, कक्षा वा तह थप गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(३) विद्यार्थी संख्या न्युन भई विद्यालय सञ्चालन गर्न नसकिने अवस्थामा रहेका विद्यालयलाई गाउँपालिकाको एक शैक्षिक सत्र सम्म बन्द गर्ने र त्यस्तो विद्यालयका शिक्षकहरुलाई आवश्यकतानुसार अन्य विद्यालयमा जुनसुकै समयमा पनि आफ्नो विद्यालयमा फिर्ता हुन सक्ने गरी काजमा खटाई विद्यालयलाई सम्बन्धित वडाको संरक्षकत्वमा राख्न सक्नेछ ।

(४) उपदफा ३ बमोजिम बन्द भएको विद्यालयका विद्यार्थीहरु गाउँपालिका भित्र आवास सहित सञ्चालन भएको विद्यालयमा भर्ना गरिनेछ ।

(५) बन्द भएको विद्यालयमा अर्को शैक्षिक सत्रमा कक्षा सञ्चालन हुने अवस्था सृजना भएमा गाउँ कार्यपालिकाको निर्णयबाट तोकिएको अधिकारीले कक्षा सञ्चालनको अनुमति दिन सक्नेछ। यदि विद्यालय बन्दै हुने अवस्था रहेमा त्यस्तो विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरिनेछ ।

२५. **विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएकोवा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालय वा गाउँपालिकाको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नेछ ।

(२) निजी शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(३) कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन ।

(४) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ। तर विदेशि व्यक्ति वा संघ संस्था बाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(६) गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन गर्न पाईने छैन ।

२६. **विद्यालयलाई छुट र सुबिधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित रजिष्ट्रेशन दस्तुर मिनाह गर्नका लागि सम्बन्धित निकायमा गाउँपालिकाले सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखी बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेको आधारमा रजिस्ट्रेशन दस्तुर मिनाहा गर्नका लागि सम्बन्धित निकायमा गाउँपालिकाले सिफारिस गर्न सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

२७. **अनुमति वा स्वीकृति रद्ध गर्नेः** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुनै काम गरेमा गाउँकार्यपालिकाको निर्णयबाट तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ।तर त्यसरी अनुमति वा स्वीकृत अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

२८. **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२९. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

**(१)** विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३०. शुल्क सम्बन्धित व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन। तर गाँउ कार्यपालिकाले तोके बमोजिम न्यूनतम भर्ना शुल्क र परीक्षा शुल्क लिन वाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै नेपाली नागरिकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन वाधा पर्ने छैन ।

(३) सबै बालबालिकालाई आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थिसँग लिइने शुल्क तोकिइको आधारमा निर्धारण गरिनेछ ।

(५) सामुदायिक विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछी पुःन सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमका शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थिसंग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाका आधारमा दिइनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

**३१. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिएबमोजिम गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

**३२. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

**(१)** देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

**(ख)** बिना सुचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

**(ग)** विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

**(घ)** नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

**(ङ)** सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

**(च)** शिक्षक वा कर्मचारी राजनितिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

**(छ)** शिक्षक वा कर्मचारीले पेशागत हकहितका नाममा छद्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्न संगठनका गतिविधिमा संलग्न भएमा

**(२)** उपदफा (१) बमोजिम तथा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा संघीय कानुन बमोजिम गाउँकार्यपालिकाले निजलाई पदवाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि मनाशिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

३३. **स्थायी आवासिय अनुमति लिन नहुने**ः सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासिय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुँदैन। स्थायी आवासिय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय संघिय कानुन बमोजिम हुनेछ ।

३४. **शैक्षिक योग्यताः** विद्यालय शिक्षकका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३५. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्यापन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, दैविक प्रकोप,उद्दार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३७. अदालतको आदेशबाट पुनः वहाली हुन सक्नेः**

(१) दफा ३३ मा उल्लेख भएका कुनै वा केहि आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(२) उपदफा १ बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब भत्ता र तलव बृध्दि पाउने भए सो समेत पाउनेछ ।

**३८. शिक्षकको नियुक्ति र सरुवाः**

(१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरबन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिकाले तोकिए बमोजिमका प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(३) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा वाधा नपर्ने गरी गाउँपालिकाले अर्को स्थानिय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

३९. **दरबन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयबाट तोकिएको अधिकारीले सार्न सक्नेछ ।

४०. **संस्थागत विद्यालयले छात्रबृत्ति उपलब्ध गराउनु पर्नेः**

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न अपाङ्गता भएकाहरु, महिला, दलित वा अन्य वर्गको लागि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिमको छात्रबृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

३. समितिले छनौटका लागि आधार सर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गर्नु पर्नेछ ।

४. समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा सार्वजनिक गर्नु पर्नेछ ।

४१. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** दफा ३८ मा उल्लेखित अवस्थामा वा नियम अनुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा विना सुचना अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

४२. **प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धि व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यपक,एक जना सहायक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक,सहायक प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. **बालबालिकाहरुलाई निष्काशन गर्न, शारीरिक तथा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्यापनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

४४. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, बृजकोर्ष, भाषा शिक्षण कक्षा, कोचिङ ट्युसन कक्षा,पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा,बृजकोर्ष,कोचिङ ट्युसन कक्षा, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

४६. **दण्ड सजायः**

**(१)** कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिमको जरिवाना गर्न सक्नेछ ।

**(२)** कसैले उपदफा (१) बमोजिम कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिमको सजाय हुनेछ ।

**(३)** कानुन बमोजिमको कसुर सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर न्यायिक समिति वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक तथा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागे सम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागिय सजाय गरिनेछ ।

४७. **पुनराबेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

४८. **नियम बनाउने अधिकारः**

**(१)** यस ऐनका उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ

**(२)** उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ।

(क) विद्यालयको झण्डा र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) विद्यालयलाई दिईने अनुदान,

(घ) विद्यालयको परीक्षा,
(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,
(च) विद्यालयका शिक्षक तथा कर्मचारीको सपथग्रहण सम्बन्धि,
(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,
(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,
(झ) विद्यालयको छात्रावास चलाउने सम्बन्धि,
(ञ) विद्यालयको आय व्ययको जाँच,
(ट) शिक्षक तथा विद्यार्थिको आचारसंहिता,
(ठ) विद्यालयको पुस्तकालय र वाचनालय,
(ड) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम कर्तव्य र अधिकार तथा सुविधा,
(ढ) विशेष शिक्षा, अनौपचारिक शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा,
(ण) संस्थागत विद्यालय सम्वन्धि,
(त) संस्थागत विद्यालयले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति सम्बन्धि

**४९. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछी विद्यालयमा रिक्त भएको दरबन्दीमा विज्ञापनको अनुमति गाउँकार्यपालिकाको कार्यालयले दिन सक्नेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वियन गर्न कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। र त्यस्तो आदेश यसै ऐनमा व्यवस्था भएबमोजिम मानिनेछ ।

**५१. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, प्रदेश कानुन , सङ्घीय कानुन र यस गाउँपालिकाको अन्य कानुनसंग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय र अमान्य हुनेछन ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिईदै आएको सुबिधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले ,

ज्ञानेन्द्र शर्मा

प्रमुख प्रशासकीय अधिकृत